नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, चैत ९ गते २०४० साल (अतिरिक्ताङ्क ६०

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरी बक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

626

केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : केही नेपाल ऐनहरूलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरी बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०४०" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३८ मा संशोधन : औद्योगिक व्यवसाय ऐन, २०३८ को,–

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. उद्योग स्थापना गर्न अनुमति लिनु पर्ने : (१) यस ऐन अन्तर्गत कुनै पनि उद्योग स्थापना गर्न चाहने व्यक्तिले सम्बन्धित विभागबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू स्थापना गर्न अनुमति लिनु पर्नेछैनः–

(क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुमतिपत्र लिनु पर्ने गरी तोकेको घरेलु उद्योग बाहेक अन्य घरेलु उद्योगहरू,

(ख) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुमति लिनु नपर्ने गरी तोकेका साना उद्योगहरू ।"

(२) दफा १० को,–

(क) शुरुमा "आय कर, बिक्री कर, भन्सार र अन्तःशुल्क सम्बन्धी ऐनहरू तथा अन्य" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) खण्ड (ख) को उपखण्ड (३) मा रहेको "पब्लिक" भन्ने शब्द झिकिएको छ ।

(ग) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः–

"(ठ) कुनै उद्योगलाई माथि खण्डहरूमा उल्लेख गरिएभन्दा बढी सुविधा, सहूलियत तथा संरक्षण दिने गरी कुनै प्रचलित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनमा व्यवस्था गरिएको रहेछ भने यस दफामा लेखिएको कुनै कुराले त्यस्तो सुविधा, सहूलियत तथा संरक्षणमा प्रतिकूल असर पारेको मानिनेछैन ।"

(३) दफा १४ को,–

(क) उपदफा (१) मा रहेको "प्राप्त गरी राखेको भए" भन्ने शब्दहरूको सट्टा "प्राप्त गरिरहेको वा पाउने भए" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अनुमति प्राप्त गरी अनुमतिपत्रमा अवधि तोकिएको भए सो अवधिभित्र र अवधि नतोकिएकोमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष-भित्र उत्पादन शुरू गरेका कुनै उद्योगले उपदफा (३) अनुसार यो ऐन बमोजिमको सुविधा, सहूलियत तथा संरक्षण पाउन नसक्ने भएमा त्यस्तो अनुमति पाएको बखत प्रचलित रहेको कानूनबमोजिम कुनै सुविधा, सहूलियत तथा संरक्षण पाउने रहेछ भने त्यस्तो उद्योगले सोहीबमोजिम सुविधा, सहूलियत तथा संरक्षण पाउनेछ ।"

३. बिक्री कर ऐन, २०२३ मा संशोधन : बिक्री कर ऐन, २०२३ को दफा २९ मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐनबमोजिम हुनेछ ।"

४. भन्सार ऐन, २०१९ मा संशोधन : भन्सार ऐन, २०१९ को दफा ४५ मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐनबमोजिम हुनेछ ।"

५. अन्तःशुल्क ऐन, २०१५ मा संशोधन : अन्तःशुल्क ऐन, २०१५ को दफा १७ मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर औद्योगिक व्यवसाय ऐन, २०३८ अनुसार हुने जति कुरामा सोही ऐनबमोजिम हुनेछ ।"

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४०।१२।९।५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।